आज मिति २०८१/०५/१४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. ल्याव संचालन सम्वन्धमा ।

३. सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्वन्धमा ।

४. जग्गाको भोकाधिकार प्राप्तीको प्रकृया अगाडि वढाउने सम्वन्धमा ।

५. बालमैत्री कार्यक्रमको समिक्षा सम्वन्धमा ।

६. शहरी गरिवी न्यूनीकरण कोषको उठ्न बाँकी ऋण रकम सम्वन्धमा ।

७. जिल्ला समन्वय समितिको बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा ।

८. धौलागिरी बहुप्राविधिक शिक्षालयमा निःशुल्क छात्रवृती प्रदान गर्ने सम्वन्धमा ।

९. रणनीतिक योजना तर्जुमा गर्ने सम्वन्धमा ।

१०. लगानी योजना तयार गर्ने सम्वन्धमा ।

११. बालकोष स्थापना गर्ने सम्वन्धमा ।

१२. आर्थिक सहायता सम्वन्धमा ।

१३. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको पन्ध्रौ नगरसभाबाट बा.न.पा. ११ स्थित रायडाडा स्वास्थ्य चौकीमा ल्याव सेवा संचालनको लागि बजेटको सुनिश्चितता गरेको हुँदा उक्त स्वास्थ्य चौकीमा ल्याव सेवा संचालनको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिकाले संरक्षण गर्नु पर्ने दायित्व रहेको देहाय बमोजिमका जग्गा संरक्षण र उपयोगको लागि सम्वन्धित वडा अध्यक्षको संयोजकत्वमा संरक्षणको प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

(क) बा.न.पा. ३ खहरेखोला संगै रहेको मोटरबाटो देखी दक्षिण तर्फको जग्गा (वडा नं. ३ को अध्यक्षको अगुवाईमा संरक्षणको कार्य अगाडि बढाउने)

(ख) बा.न.पा. वडा नं. १३ को औधोगिक ग्रामको जग्गा (वडा नं. १३ को अध्यक्षको अगुवाईमा संरक्षणको कार्य अगाडि बढाउने)

(ग) अन्य जग्गा (सरकारी र सार्वजनिक रुपमा रहेको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिकाले संरक्षण गर्नु पर्ने दायित्व रहेका) पालिकाका क्षेत्र भित्रका जग्गा (सम्वन्धित वडा अध्यक्षको अगुवाईमा संरक्षणको कार्य अगाडि बढाउने) ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिकाले अघि सारेका ठूला एवं गौरवका आयोजना संचालनमा जग्गाको स्वामित्व नभएको कारण कठिनाई उत्पन्न भएको हुँदा त्यस्ता आयोजनाहरु संचालन हुने स्थानका जग्गाहरु बागलुङ नगरपालिकाको नाममा भोकाधिकारको प्रकृया अगाडि बढाउने कार्यको लागि यस कार्यालयका अधिकृत श्री भिमसेन पन्तलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको वर्तमान जनप्रतिनिधीले पदवहाल गरेको पहिलो बैठकबाट यस नगरलाई मिति २०८१ पौष मसान्त भित्र बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्ने गरी गरेको निर्णय बमोजिम संचालनमा रहेको बालमैत्री कार्यक्रमको समिक्षा गरियो र हाल सम्म सम्पन्न क्रियाकलापहरुको जानकारी आदान प्रदान गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालकाबाट संचालित शहरी गरिवी न्यूनीकरण कोषको हाल सम्म २८ जना व्यक्तिको करिव ९ लाख ३७ हजार ४ सय ९६ रुपैया ऋण रकम उठ्न बाँकी रहेको हुँदा उक्त रकम असुलीको लागि पुन: ताकेता गर्ने र सो पश्चात पनि रकम असुल हुन नसकेमा सम्वन्धित वडा कार्यालय मार्फत हुने निजहरुको सेवा प्रवाह (नागरिकता सिफारिस बाहेक) रोक्का गर्नको लागि सम्वन्धित वडा कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०८१।०४।२१ गतेको बैठकको निर्णय कार्यान्वयनको लागि जिल्ला समन्वय समितिको कार्यालय बागलुङबाट प्राप्त पत्र बमोजिम नदिजन्य पदार्थ (बालुवा, गिटी, ढुङ्गाको अवैध चोरीको दण्ड जरीवानाको २५ प्रतिशतले हुन आउने रकम सुरक्षा निकायलाई उपलब्ध गराउने सम्वन्धमा जिल्ला समन्वय समिति लगायत

सरोकारवालाहरुसंग समन्वय गरी आवश्यक निर्णय लिन नगरप्रमुख ज्युलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निणर्य नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १४ स्थित धौलागिरी बहुप्राविधिक शिक्षालयमा पशु विज्ञान र बालि विज्ञान विषयमा तीन वर्षे कोर्ष अध्ययन गर्न चाहने यस नगरपालिका क्षेत्र भित्रका गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्रति वडा एक (१) विद्यार्थीका दरले नि:शुल्क छात्रवृती प्रदान गर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निणर्य नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्नको लागि अधिकांश सूचक पुरा भै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी भैरहेको र बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा पश्चात दिगोपनाको लागि समेत कार्य गर्नु पर्ने भएको हुँदा उक्त कार्यका लागि रणनीतिक योजना तर्जुमा गर्ने निर्णय गरियो ।

**निणर्य नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्नको लागि अधिकांश सूचक पुरा भै बालमैत्री स्थानीय शासन युक्त वडा/नगरपालिका घोषणा गर्ने गरी तयारी भै रहेको अवस्थामा बालवालिकको सर्वोपरी हितको लागि लगानी योजना तयार गर्ने निर्णय गरियो ।

**निणर्य नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्नु पुर्व बालवालिकाको क्षेत्रमा लगानी गर्नको लागि बालकोष स्थापना गर्नु पर्ने भएको हुँदा बालकोष स्थापना गरी नेपाल बैंक लिमिटेड बागलुङमा खाता संचालन गर्ने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको कार्यालय, बागलुङमा पेश हुन आएका आर्थिक सहायताको निवेदन सम्वन्धमा देहाय बमोजिम हुने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं | माग गर्ने संस्थाको नाम | रकम रु | प्रयोजन |
|---|---|---|---|
| १. | राष्ट्रिय उपभोक्ता मञ्च बागलुङ जिल्ला कार्यसमिति, बागलुङ । | ७५,०००। | बजार अनुगमन गर्ने कार्य । |
| २. | भद्र बहादुर थापा, बा.न.पा. वडा नं. ९ | २०,०००। | बर्षादको कारण गोठमा क्षति भएको हुँदा मर्मतको लागि आर्थिक सहायता |
| ३. | निर्मला शर्मा, बा.न.पा. ७ | २५,०००। | पैह्रोको कारण घर भत्केको र मानवीय क्षती समेत भएकोले नगद रु २५०००। सहित ८ थान तार जाली उपलब्ध गराउने । |